म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १८४ सोमबार २९ माघ २०८० ने. सं. ११४४ सिल्लाथ्व 12 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एमाले छाड्दै बर्तौला समाजवादीमा

हेटौंडा, २८ माघ/नेकपा एमाले मकवानपुर जिल्ला कमिटी सदस्य किशोर बर्तौला एमाले परित्याग गर्दै नेकपा (एकीकृत समाजवादी) प्रवेश गरेका छन् । आइतबार पार्टी अध्यक्ष माधवकुमार नेपालले बर्तौलालाई एकीकृत समाजवादीमा प्रवेश गराएका हुन् । पार्टी प्रवेश गर्दै बर्तौलाले नेकपा एमालेमा व्यक्तिवाद हावी भएको भन्दै यसले देश र जनताको पक्षमा कुनै काम गर्न नसकेको बताए । आगामी दिनमा पनि यसले देश र जनताको पक्षमा एमालेले काम गर्न नसक्ने बर्तौलाको भनाई छ । 'एमाले बिशुद्ध कम्पनिवाद वा प्रालिमार्फत जसरी चल्यो ।' बर्तौलाले भने, 'लामो समयको अनुभवले माधव नेपालले नेतृत्व गरेको पार्टी नै समाजवादी यात्राको जग र मार्गदर्शन गर्ने पार्टी हो ।' बर्तौलाले विभिन्न तह र तप्कामा अलमलिएर रहेका मकवानपुरका सबै युवालाई नेकपा एसमा समाहित हुन आव्हान गरेका छन् । बर्तौला संघीय निर्वाचन क्षेत्र नं २ को सचिव एवम् रेडक्रस जिल्ला शाखा मकवानपुरका कोषाध्यक्ष हुन् । उनी नेपाल राष्ट्रिय शिक्षक संगठनको पूर्वजिल्ला उपाध्यक्ष, वर्तमान सल्लाहकारको भूमिकामा रही काम गर्दै आइरहेका थिए भने सहकारी अभियन्ता समेत हुन् ।

# 'नागरिक अनविज्ञता र उदासीनता भ्रष्टाचार प्रवर्द्धनको कारक तत्व'

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ बागमतीका प्रदेशप्रमुख यादवचन्द्र शर्माले राज्यको अर्थतन्त्र निर्माणमा आफ्नो योगदानबारे नागरिक अनविज्ञता तथा उदासीनता भ्रष्टाचार प्रवर्द्धनको कारकतत्व रहेको बताएका छन् ।



नागरिकको विज्ञताले भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने उनको भनाई थियो । शर्माले आर्थिक सबाल आएपछि व्यक्ति आचरण र मर्यादाको दाम्लो चुडाएर किन भ्रष्टाचारको खाडलमा हाम फाल्छ ? भन्दै प्रश्न गरेका छन् । शर्माले पैसाको लागि व्यक्तिले आफ्नो आचरण र मर्यादालाई पनि भूलेकाले मुलुकमा भ्रष्टाचार बढिरहेको बताएका हुन् ।

आइतबार हेटौंडामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं स्थापना दिवसलाई सम्बोधन गर्दै प्रदेशप्रमुख शर्माले प्रश्न गरे, 'सामाजिक जीवनमा हाम्रो उत्कृष्ट आचरण र मर्यादा आर्थिक सवालमा प्रवेश गर्नासाथ किन दाम्लो चुडाएर भ्रष्टाचारको खाडलमा हाम फाल्छ ?', । भ्रष्टाचारले सामाजिक, न्यायिक र राजकीय प्रक्रिया शिलशिलेवार प्रणालीलाई समाप्त पार्दै राष्ट्र, जनता र व्यक्तिको मर्यादा, आचरण र गरिमालाई ध्वस्त पार्ने शर्माको भनाई छ । उनले पश्चिमाहरु आर्थिक अनुशासनमा बाँधिएको र पूर्वीयाहरु मर्यादा नाघिरहेको दाबी गरे ।

पूर्वीय दर्शनका अनुयायी नेपाली समाज भन्दा पश्चिमा दर्शनका अनुयायीहरु मर्यादा र आचरणमा अलि खुकुला देखिने उनको टिप्पणी थियो । भ्रष्टाचार सुछूमतातिरबाट स्थुलतातिर अघि बढिरहेको शर्माले बताए । रानी लोमाको अरण्य गमन, अजामिलको आचरण, सीताहरण, इन्द्र र चन्द्रको नैतिकपतन जस्ता थुप्रै विषयमा भ्रष्टाचार र त्यसको नियन्त्रणमा विद्रोह तथा सजाय भएका उदाहरणले भ्रष्टाचारको नालिबेली भने वैदिक युगदेखि नै जोडिएको उनको भनाई छ ।

'धनले किन हाम्रो अन्तरमनको तेश्रो आँखा धपक्क बाल्छ र एउटा सभ्य सुसंस्कृत र सहफदयी व्यक्ति थुचुक्क वस्छ ?' प्रदेशप्रमुख शर्माले भने, 'यही हो मलाई अचम्म लाग्ने र मैले नबुझ्केको विषय ।', भ्रष्टाचारले हजारौं वर्षमा विकसित भएका सामाजिक मूल्यमान्यता समाप्त पार्ने, देशलाई खोक्रो बनाउने र वाह्यशक्तिको कठपुतली बनाउने गरेको शर्माले उल्लेख गरे । कानूनी राज्यको मान्यताबाट विचलित हुनु, निष्पक्ष न्यायसम्पादन नहुनु र मत्स्य न्यायको प्राधान्य रहनु गोलार्धको विडम्बना रहेको उनको टिप्पणी छ ।

कानून, नीति, र नियमहरुको पालनामा प्रयोग भएको स्वविवेकीय अधिकार दुरुपयोग हुने खतराबाट निराकरणको क्षेत्रमा लागेका विधि निर्माताहरु सचेत हुनुपर्ने शर्माले बताए । राज्यको अर्थतन्त्र निर्माणमा आफ्नो योगदानवारे नागरिक अनविज्ञता तथा उदासिनता पनि भ्रष्टाचार प्रवर्द्धनको कारकतत्व रहेको उनले बताएका छन् ।

राजस्व अपचलन गर्नेको सम्मान र संरक्षण गर्नेको अपमान हुने परिपाटी रहेसम्म भ्रष्टाचार नियन्त्रण नहुने उनको जिकिर थियो । 'समुन्द्रको माछाले कहिले र कति पानी खायो ? भन्ने प्रश्नको जवाफ जति जटील र कठिन छ, एउटा भ्रष्टाचारीले जागिरे जीवनकालमा राज्यकोषको कति हिनामिना गऱ्यो ? भन्ने विषय त्यति नै जटिल छ ।', शर्माले भने ।

भ्रष्टाचार नियन्त्रण, सुशासन, प्रवर्द्धन र आर्थिक समृद्धि मार्फत राज्यको पहिचान र प्रतिष्ठालाई उजिल्याउने कार्यमा दल, सरकार, सरकारी संयन्त्र तथा नागरिकको भूमिका महत्वपूर्ण हुनुपर्ने बताए । कार्यक्रममा बागमती प्रदेशका उद्योग तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले शुशासन कायम गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको बताए । प्रदेशप्रमुख शर्माको प्रमुख आतिथ्यता तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाका प्रमुख उमाकान्त आचार्यले स्वागत गरेको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, उपप्रमुख सानुकाजी लुईटेल, हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ लगायतको आतिथ्यता रहेको थियो ।

# बालश्रम सम्बन्धी कानुन संशोधन बिषयक छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/राष्ट्रिय बालसंरक्षण संजालको आयोजना आसमान नेपालको र स्वतन्त्रता अभियानको सहकार्यमा काठमाडौंमा बालश्रमसम्बन्धी कानुन संशोधन बिषयक छलफल भएको छ । संजालका अध्यक्ष प्रकाश खतिवडाको सभाध्यक्षता, राष्ट्रिय बालअधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।



कार्यक्रममा राष्ट्रिय बालअधिकार परिषद् सदस्य सुष्मा पोखरेल, बालहिंसाबिरुद्ध क्रियाशील राष्ट्रिय कार्य समन्वय समूह अध्यक्ष किरण थापा, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव अम्बिका अधिकारी, संजालको पूर्व अध्यक्ष कृष्णचन्द्र आचार्य, निवर्तमान अध्यक्ष ॠतु भट्टराई, सस्थापक अध्यक्ष बिमला ज्ञवाली, बालअधिकार अभियन्ताहरु डा. कष्ण सुबेदी, र बिन नेपाली, तिलोत्तम पौडेल, मोहन दंगाल, नरेन्द्र डंगोल, सन्तराम डंगोल, प्रदीप लामिछाने, सुनिल यादव लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रमका प्रमुखअतिथि बानियाँले परिषद्ले बालश्रमनिषेध र नियमित गर्ने ऐन प्रतिस्थापनमा परिषद बैठकमा मन्त्रालयका जिम्मेबार ब्यक्तिसँग छलफल चलाउने बाताए । कार्यक्रमका अध्यक्ष खतिवडाले संजालले आफ्नो थिममा रही बालश्रम अन्त्य, बालसंरक्षण प्रणालीको सुदृढिकरण, बिपद्मा बालबालिका, र बैकल्पिक हेरचाहको सबालमा सरकार र नागरिक संजालको समन्वयको कार्यगरिरहेको बताए । उनले बालश्रम निषेध र नियमित गर्ने ऐनको बिद्यमान र नयाँ मस्यौदा बारे छलफल चलाउँदै अब प्रतिस्थापन हुन लगेको ऐनको नयाँ मस्यौदामा समयसापेक्ष थप गर्न सकिने बुँदा सुझावको रुपमा दिन आग्रह गरे ।

परिषद् सदस्य पोखरेलले राष्ट्रिय बालसंरक्षण संजालले बाल संरक्षणको लागि आवश्यक पर्ने कानुन बालश्रम ऐनको प्रतिस्थापनको लागि चलाइएको छलफल सान्दर्भिक रहेकोले पढ्दै कमाउँदै गर्न पनि बालश्रमको परिभाषा, बालकामको परिभाषा स्पष्ट हुन आवश्यक रहेको धारणा राखिन् । कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै संजालका सचिव एवम् आसमान नेपालका मनिराम आचार्यले बालश्रमसम्बन्धी कानुनमा समयसापेक्ष प्रतिस्थापन गर्न आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।

# ७ जना स्नातकोत्तर उत्तीर्णलाई सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ हेटौंडा उपमहानगरपालिका-१३, स्थित ज्याङछ्यूवलिङ पोतला गुम्बाको आयोजनामा भएको २०६० औँ सोनाम ल्होछार डुक ल्हो (ड्राईगन वर्ष) को अवसरमा विभिन्न विषयमा स्नातकोत्तर उत्तीर्ण गरेका सात जनालाई सम्मान गरिएको छ ।

शुभकामना आदान प्रदानका साथ उनीहरुलाई दोसल्ला ओढाएर सम्मान गरिएको हो । बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानले उनीहरुलाई सम्मान गरेकी थिइन् । सम्मानित हुनेमा दिलबहादुर स्याङ्बो तामाङ, बेली लामा, मीना थापा, गुणराज थिङ तामाङ, फेञ्चु रुम्बा लामा, बगानसिं थिङ तामाङ र मानबहादुर लामा रहेका छन् ।

गुम्बा समितिका अध्यक्ष लालबहादुर थोकरको सभाध्यक्षतामा भएको कार्यक्रममा मन्त्री मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा गुम्बाका प्रमुख लामा हेसे दोर्जे, महिला मिलन साकोसका पूर्वअध्यक्ष विष्णुमाया लामा, महेन्द्र माविका प्रअ विष्णु श्रेष्ठलगायत विभिन्न सामाजिक संस्था तथा टोल विकासका प्रतिनिधिको आतिथ्यता रहेको थियो । कार्यक्रममा महेन्द्र मावि, फेमिकोल एकेडेमी बोर्डिङ, सनराइज ई. बोर्डिङका विद्यार्थीले विविध साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

# छैठौं बागमती गोल्डकपको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकामा खेलकुद विकास समितिको आयोजनामा हुने छैठौं बागमती गोल्डकपको तयारी पूरा भएको छ ।

जनता माविको खेल मैदानमा हुने प्रतियोगिताको खेलतालिका सार्वजनिक गरिएको छ । फागुन १ गते हुने उद्घाटन खेलमा राईट लेन एजुकेसन बागमती युवा क्लब, सर्लाही र मच्छिन्द्र फुटबल क्लब, काठमाडौं भिड्ने छन् ।

प्रतियोगिताको विजेताले उपाधी सहित नगद १० लाख हात पार्नेछ भने उपविजेताले ५ लाख प्राप्त गर्नेछ । १० टोली सहभागी प्रतियोगिताको फाइनल खेल फागुन १० गतेका दिन हुनेछ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३२३



साझाकुरा

## हाम्रो कुरा

# निराशाजनक विकास खर्च

बागमती प्रदेश सरकारको कार्यसम्पादन ज्यादै फित्तलो देखिएको छ । चालु आर्थिक वर्षको ६ महिनामा पूँजीगत खर्च जम्माजम्मी १३ प्रतिशत मात्रै भएको छ । चालुखर्च र पूँजीगत खर्च जोड्दा पनि जम्माजम्मी १७ प्रतिशत मात्र खर्च भएको छ । आर्थक वर्षको मध्यावधि समीक्षाको रिपोर्ट सार्वजनिक गर्दै आर्थिक मामिला तथा योजना मन्त्रालयले चालु आवको ६ महिनामा प्रदेश सरकारले चालुखर्च पनि २३ प्रतिशत भएको जनाएको छ । बागमती प्रदेशसभाका प्रतिपक्षी दलहरुले सरकारको कार्यसम्पादनको तीब्र आलोचना गरिरहेका छन् । विकास निर्माणका योजना समयमै सुरु गर्ने र समयमै सम्पन्न गर्ने काम नगरेको भन्दै सरकारको आलोचना भएको हो । प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिनामा २६ अर्ब ४५ करोड रुपैयाँ चालुखर्च गरेको छ । त्यस्तै पूँजीगत खर्च ३५ अर्ब ७६ करोड रुपैयाँ गरेको छ । चालु आवको अर्धवार्षिक प्रगति बिवरणअनुसार वार्षिक लक्षको ३१ दशमलव ६१ प्रतिशत आम्दानी गर्न सफल भएको छ ।

चालु आवमा कूल ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँ आम्दानी गर्ने लक्ष भएपनि १९ अर्ब ८२ करोड ४० लाख ७४ हजार रुपैयाँ अर्थात लक्षको ३१ दशमलव ६१ प्रतिशत आम्दानी गरेको छ । प्रदेश ब्यवस्थापिकालाई छुट्याइएको ५ करोड ५० लाख रुपैयाँ पूँजीगत खर्च चालु आर्थिक वर्षको ६ महिनसम्म पनि खर्च शून्य छ । त्यस्तै मुख्य न्यायाधीवक्ताको कार्यालयका लागि छुट्याइएको १३ लाख १३ हजार रुपैयाँ पनि ६ महिनसम्म खर्च शून्य छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयका लागि बिनियोजन गरिएको ४४ करोड ७१ लाख रुपैयाँमध्य १ दशमलव २३ प्रतिशत मात्र समिक्षा अवधिमा खर्च भएको देखिन्छ । पर्यटन उद्योग तथा सहकारी मन्त्रालयका लागि बिनियोजन गरिएको १ अर्ब ५२ करोड ५१ लाख रुपैयाँमध्य चालु आवको ६ महिनामा जम्मा ५ दशमलव १९ प्रतिशत मात्र खर्च भएको छ । यसको मतलव सबै बजेट असार लागेपछि दिनरात खर्च गरेर हिसाव मिलान गरिन्छ । सबैभन्दा बढी पूँजीगत खर्च गर्ने कृषि तथा पशुपंछी विकास मन्त्रालयले २० दशमलव ७१ प्रतिशत गर्ख गर्न सफल भएको छ । यो मन्त्रालयका लागि चालु आर्थिक वर्षमा ७२ करोड ५७ लाख रुपैयाँ पूजीगत खर्च शीर्षकमा बिनियोजन भएको थियो । प्रदेश सरकारको कार्यसम्पादनको बिषयमा प्रतिपक्षी दलहरुले तीब्र असन्तुष्टि जनाएका छन् ।

असार लागेपछि भएभरका रकम खर्च गर्ने असारे विकासको मोडलमा सुधार नआएको प्रदेशसभा सदस्यहरुको आरोप छ । प्रदेश सरकारको विकास खर्च गर्ने क्षमतामा आशंका उत्पन्न भएको प्रतिपक्षी दलहरुले बताएका छन् । सरकारको विकास निर्माणमा भन्दा पनि सत्ता टिकाउनका लागि समय खर्चनु पर्ने बाध्यताका कारण बजेट खर्च निराशाजनक भएको आरोप लगाइएको छ । यही अवस्थामा सरकार गुज्रने हो भने नागरिकले पनि प्रतिपक्षी दलकै जस्तो सरकारको आलोचना गर्नेछन् । पूर्वाधारको विकास गर्ने जिम्मेवारी पाएको मन्त्रालयकै पूँजीगत खर्च निराशाजनक रहेको छ । चालु आवको ६ महिनामा पूर्वाधार विकास मन्त्रालयले जम्मा १५ दशमलव ५४ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । यो मन्त्रालयले चालुखर्च ३० दशमलव ६८ प्रतिशत गर्दा पूँजीगत खर्च भने त्यसको आधा मात्र भएको छ । यसको मतलव तलव भत्ता तथा नेता, कर्मचारीको सेवासुबिधाको क्षेत्रमा खर्च गर्ने गति बढ्यो तर, विकास निर्माणको काम निराशाजनक भयो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन १ गते मंगलबार १३ फेब्रुअरी २०२४ । चतुर्थी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:४५, सूर्यास्त ५:५२ । विश्व रेडियो दिवस । जनयुद्ध दिवस । तिलकुन्द चतुर्थी । मंगल चौथी ब्रत । फाल्गुण संक्रान्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : घरेलु काममा रुचि | **तुला** | : मान मर्यादामा वृद्धि |
| **वृष** | : प्रयासहरु फलदायी हुने | **वृश्चिक** | : लेनदेनको विवाद बढ्ने |
| **मिथुन** | : कुरा काट्नेहरु सक्रियता | **धनु** | : स्वास्थ्यमा सुधार हुने |
| **कर्कट** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **मकर** | : अध्ययनमा प्रगति हुने |
| **सिंह** | : अरुको विश्वास जित्न सकिने | **कुम्भ** | : रोग एवम् चिन्ता बढ्ने |
| **कन्या** | : चिन्ता बढ्ने | **मीन** | : व्यवसायबाट लाभ पाइने |

# नागरिकमा किन बढ्दैछ कोलाहल ?



✍ चैतन्य मिश्र

हिजोआज नेपालीहरूमा किन आक्रोश र असन्तोष बढ्दो छ ? यो प्रश्नको उत्तर खोज्न पाँच विशेष तर अन्योन्याश्रित कारकहरूलाई एकत्रित गरेर बुझ्नुपर्छ । त्यसो त अहिले सारा विश्व नै कोलाहल र तीव्र सामाजिक परिवर्तनको अवस्थामा छ । संसारका धेरै मुलुकमा कोलाहल छ । नेपाल मात्र विशिष्ट छैन । मूलत: पूँजीवादको विषमताका कारण यस्तो भइरहेको छ । लडाइँका कारण राज्यहरूमा एकअर्काप्रतिको द्वेष बढिरहेको छ । लडाइँ भएको ठाउँमा मात्रै होइन, अन्यत्र पनि युद्धबारे मानिसहरूले विभिन्न सोच बोकेर विभिन्न टीकाटिप्पणी गरिरहेका छन् । त्यस्तो प्रतिद्वन्द्वितापूर्ण लडाइँ हुने सम्भावना पहिलाको भन्दा केही न केही बढेको छ, जसले मानिसलाई रन्काएको छ । त्यस्तै, मानिसहरू देशभित्रै र बाहिर पनि एकपछि अर्कोमा बसाइँ सरिरहेका छन् संसारभरि ।

नयाँ खाले उत्पादन व्यवस्था सुरु र पुराना बन्द भएका छन् । जस्तो, अब नेपालमा २५-३० प्रतिशत जग्गा आवाद नहुन थाल्यो । मान्छेहरूले अरु नै काम गर्न थाले । यस्तो नेपालमा मात्र होइन, संसारभरि नै भइरहेको छ । खासगरी दक्षिण अमेरिकामा विगत पाँच दशकमा तीव्र परिवर्तन भयो । फलत: संसारमै सबैभन्दा धेरै कोलाहल त्यही छ । हालसालै अफ्रिकामा हुनथालेको छ । एशियाका देशहरू मध्यमस्तर को कोलाहलमा छन् । यस्तो कोलाहल सबै ठाउँमा बराबर छैन ।

खास वर्ग, लैङ्गिक समूह, जात, उत्पादन प्रणाली समातेका मुलुकमा अलि बढी छ भने अरुमा अलि कम छ । जस्तो, महिलामा त्यस्तो कोलाहल पहिलाभन्दा बढी छ । हाम्रा आमा बज्यैहरू एक किसिमले बस्थे भने अहिले महिलाहरू पहिलाको भन्दा धेरै अब केकसो गर्ने होला, भविष्य कसरी बनाउने होला भन्नेमा छन् । पहिला एकप्रकारले जमेको (सेट) थियो । यसलाई पत्रपत्र, तहतह गरेर बुझ्नुपर्छ ।

यसबीचमा बसाइँसराइ बढिरहेको छ भने नयाँ महामारी/प्रकोपहरू बढेका छन् । हामी अहिले मुद्रास्फीति भइरहेको अवस्थामा छौं । पुस्तान्तर थप गहन हुँदैछ । हाम्रा तीन-पाँच पुस्ता अगाडि बाबुआमा, बाजेबज्यैहरूको बीचमा परिवर्तन कम थियो । एउटा पुस्ताबाट अर्को पुस्तासम्म आइपुग्दा अहिले बाउ-छोरा, आमा-छोरीको बीचको फरक धेरै छ । पहिलेको हेरिकन भविष्यको कल्पना, त्रास, आशा नितान्त भिन्नभिन्नै छन् । फलत: कोलाहल बढिरहेको छ ।

आक्रोश बढ्नुको अर्को पक्ष हो, हामी सधैं अरुसँग तुलना गरिरहेका हौं । कतापटि जानुपर्ने/नजानुपर्ने हो, आ-आफ्नै अठोट भन्दा हामी कति अगाडि बढ्यौं, योभन्दा नि हामीले आफूलाई कोसँग तुलना गरेका छौं भन्ने कुराले मतलब राख्छ । त्यसलाई रेलेटिभ डिप्रभेसन (सापेक्ष अभाव) को सिद्धान्त पनि भन्छन् । मानिस कति सम्पन्न छ छैन होइन कि त उसले आफूलाई कोसँग दाँज्दैछ भन्ने कुराले अर्थ राख्छ । माथिल्लो वर्ग वा अर्कै वर्गसँग दाँज्ने चलन पहिले भन्दा बढ्दैछ । यो कोलाहल सधैं थिएन, दुई-तीन पुस्ता अघिसम्म पनि यो हदको कोलाहल थिएन । यो त ऐतिहासिक रूपमै हालसालैको हो । केही त अवश्य थिए तर यो घडीमा यही पुस्तामा कोलाहलको मात्रा धेरै बढेको छ ।

समाज र मुलुकको नेतृत्व कसले गर्छ, उसको चरित्र कस्तो छ, उसले काम कारबाही कस्तो गर्छ भन्नेमा पनि यो कोलाहल भर गर्छ । अलि स्थिर मुलुकमा यस्तो कोलाहल अलि कम देखिन्छ भने छिटोछिटो परिवर्तन भइरहेको ठाउँमा बढी हुन्छ । अझ जहाँका धेरै नागरिकलाई नेतृत्वले ठिक काम गरिरहेका छैनन् भन्ने लागिरहेको हुन्छ, त्यहाँ बढी हुन्छ । किनकि त्यहाँ त विश्वास र आशाको नासो छ । नेतृत्व र उनीहरूले हिंडिरहेको बाटोमा विश्वास र आश नहुँदा नागरिकको आफ्नो भविष्यप्रतिको आशा पनि न्यून हुन्छ ।

फलत: यो कोलाहल पहिलेभन्दा अगाडि बढ्छ । यस्तोमा मानिसहरूले चुनावमा मात्र भोट गर्दैनन्, चियापसल, भट्टीमा गफ गरेर नेतृत्वलाई खुइल्याउने काम पनि गर्छन् । नेतृत्वले काम गरेकै छैन भनेर कुरा हुन्छ । यसले अविश्वासलाई मलजल गर्छ र भविष्यप्रतिको आश कमजोर बनाउँछ । देशभित्र विश्वास नभएपछि नागरिक बाहिर जाने हुन्छ । यद्यपि यहाँ हल्ला भएकै आकारमा नेपाली विदेशिएका छैनन् । प्रतिवर्ष १६ लाख जाने र १३ लाख फर्किने भनेको त मोटामोटी ३ लाख बाहिर जाने रहेछन् । यो ठूलो संख्या हो तर अहिले कथा बनिरहेको जति ठूलो होइन ।

समाजशास्त्र/मानवशास्त्रको एउटा मन्त्रले कुनै एउटा मानिसलाई एउटा ठूलो ऐतिहासिक परिस्थिति अथवा आर्थिक राजनीतिक परिस्थितिमा हालेर बुझ्नुपर्छ भनेर सिकाउँछ । समाज विज्ञान भनेको व्यक्तिलाई त्यो ठूलो ऐतिहासिक, राजनीतिक, आर्थिक आयतनभित्र राखेर हेर्ने हो । यहाँ सबैभन्दा ठूलो विश्वतहको आयतन हो जसलाई हामी धेरैजसो बिर्सन्छौं । किनभने हरेक मानिसमा एकप्रकारले संसार प्रतिबिम्बित हुन्छ । तपाईं के हुनुहुन्छ, त्यो नितान्त तपाईं आफैंले, आफ्नो इच्छाले निर्धारण र निर्माण गरेको होइन । आफ्नो परिवारदेखि विश्वसम्म के भइराखेको छ भन्ने कुराले हाम्रो चरित्र बन्छ । हाम्रो इच्छा, आकांक्षा, त्रास, आश सबै त्यसरी नै बन्छन् ।

यसको अर्थ विश्वभरि कोलाहल भइरहे पनि नेपालको विशिष्टतालाई बिर्सनुहुँदैन । साथै, नेपाल छुट्टै छ भनेर बुझ्नुहुँदैन । नेपालमा मात्र यस्तो भइरहेको छ भनेर बुझियो भने त्यो अनर्थ हुन्छ । यो वैश्विक प्रक्रियाभित्र हामी पनि छौं, केवल केही घटी-बढी मात्रै छौं भनेर विश्लेषण गर्नुपर्छ । संसारमा के भइरहेछ भन्ने बुझ्यौं भने त्यसले हाम्रो बुझाइ आकारित गर्न मद्दत गर्छ ।

सबैभन्दा महत्वपूर्ण यो परिवर्तन, कोलाहल र असन्तोषबाट फाइदा/उपलब्धि पनि भइरहेका छन् । नागरिकको आयु, साक्षरता र आम्दानी बढिरहेकै छ । सीमान्तकृत नागरिक पनि पहिलेभन्दा अलिकति माथि पुगे जस्तो देखिन्छ । तर पनि कोलाहल छ । संसार यति छिटो परिवर्तन भइरहेको छ कि भनिसाध्यै छैन । हामी दुई तीन पुस्ता अगाडि सीमित संसारमा बाँच्यौं । जात थियो, खास किसिमको लिङ्ग थियो, खास किसिमको क्षेत्रमा हामी बस्यौं, खास किसिमको भाषा बोल्थ्यौं । अलि पहिलेदेखि नै बसाइँसराइ/आप्रवासन भए पनि त्यत्रो विधि थिएन । यद्यपि पूँजीवादी चरणमा आएपछि पहाडबाट संसारभरि नै बसाइँसराइ हुन्छ । किनभने त्यहाँ उत्पादन र बेचबिखनका केन्द्रहरू समथर हुँदै जान्छ र तल श्रम बेच्नको लागि वा माथि आफूले फलाएका उत्पादनहरू बेच्नको लागि पहाडका मानिस तल झर्ने लामो प्रक्रिया छ । अहिलेको असन्तोषलाई यी बदलावसँग पनि जोडेर बुझ्नुपर्छ ।

हामी एउटा बन्द समाज, जात, कुलघराना, वंश आदिभित्र बाँधिएका थियौं । महिला, पुरुष, जात, मधेशी, पहाडी आदिको आफ्नै परिभाषा थिए । यस्तो संसारभरि हुन्थ्यो तर हामी संसारभन्दा अलि ढिला मात्रै यसबाट मुक्त हुने क्रममा छौं । हाम्रोमा यो साँघुरो र सानो संसारबाट फैलने वा मुक्त हुने प्रक्रिया अलि ढिलो सुरु भयो । यसको मार्कर मोटामोटी २००७ साललाई मान्न सक्छौं । यद्यपि ८० को दशकदेखि त्यसले अलि बढावा पाउन थाल्यो । खासगरी २०३६ सालयता त्यो प्रक्रिया तीव्रतामा अगाडि बढ्यो ।

जात, लिंग, स्थान, वर्ग आदिको सीमित समाजमा बाँचिरहँदा त्यसले हाम्रो नयाँ गन्तव्यको पुनर्परिभाषाको कल्पनालाई ठाउँ दिंदैनथ्यो । फलत: धेरै माथि पुग्ने कल्पना हुँदैनथ्यो । विश्वमै पूँजीवाद र मोटामोटी सन् १७७५ (झण्डै २५० वर्ष अगाडि) सुरु भएको पूँजीवादजनित औद्योगिक क्रान्तिको प्रक्रिया सुरु भयो । यद्यपि औद्योगिक क्रान्ति यसअघि पनि अरु मुलुक र क्षेत्रमा भएकै थिए । जस्तो विगतमा भारत र चीनमा ठूला औद्योगिक क्रान्ति भएका थिए । तर झण्डै २५० वर्षअघि युरोपमा भएको औद्योगिक क्रान्ति चाहिं विश्वव्यापी र दिगो बन्न सक्यो ।

योसँगै बन्द समाज एक किसिमले हृवाङ्ग खुल्न थाल्यो । आकाश खुलेसँगै कल्पना पनि हृवाङ्ग भयो । विश्वको तुलनामा नेपालमा यो प्रक्रिया ढिलो गरी सुरु भयो । २००७ साल र खासगरी २०३६ सालपछि यो हृवाङ्ग हुने प्रक्रिया सुरु भयो जुन अहिले अझ गहिरो र व्यापक हुँदैछ । त्यो भनेको म के हुन्छु, मेरा छोराछोरी भविष्यमा के हुन्छन् ? यिनीहरूलाई कसरी पढाउने, अरब पठाउने कि अष्ट्रेलिया, अमेरिका ? गाउँबाट सदरमुकाम/प्रदेश राजधानी पठाउने कि काठमाडौं ? यो कृषिबाट अरु पेशा व्यवसायमा लगाउने हो कि ?

हृवाङ्ग हुने भनेको यो प्रक्रिया हो जसमा आश र त्रास उत्तिकै छ । अब पहिला नगरेको काम गर्नु छ । यो प्रक्रियामा परिवारका सबै सदस्यहरू आफ्नो बुता अनुसार लागिरहेका हुन्छन् । आफ्नो पालमा बा-आमाहरू लागे । आमाहरू बन्द स्थितिमा भएकाले बाहरू धेरै लागे । अहिलेको कोलाहल यही हृवाङ्ग हुनुको परिणति हो । सन् १९६० मा अमेरिकामा 'ग्लास सिलिङ' अर्थात् सिसाको सिलिङ भन्ने शब्दावली प्रयोग गरियो । खासगरी महिलाहरूले यो हृवाङ्ग त हेर्नलाई मात्रै भयो, त्यहाँ पुग्नलाई भएन भने । किनकि सिसाको सिलिङबाट माथि के छ हेर्न सकिन्छ, पुग्न सकिंदैन । तर कालान्तरमा ग्लास सिलिङमा विस्तारै विस्तारै प्वाल पर्दै गयो । पुरुष जत्तिकै नभए पनि धेरै महिलाहरू अलि माथि पुगे । यद्यपि महिलाका लागि अहिले पनि, युरोप-अमेरिकामा पनि धेरै सीमाहरू छन् । हाम्रो जस्तो समाजमा त थप धेरै छन् ।

नेपालमा पनि केही सुरुवात भएका छन् । महिला शहर बजारमा आएर काम गर्न थालेका छन् । १२ कक्षामा पढ्ने विद्यार्थीमध्ये आधाभन्दा बढी महिला हुन्छन्, पास हुने पनि आधा महिलै हुन्छन् । हाम्रो यो प्रक्रियामा पदार्पण गरेको बलियो प्रमाण हो । महिला, सीमान्तकृत मानिसहरू लगायतले नयाँ संसारमा पुगेपछि के गर्छन् ? त्यहाँ अर्को कोलाहल सिर्जना हुन्छ जुन सकारात्मक र नकारात्मक दुवैथरी छ ।

परिवार, जात, लिङ्ग, स्थान जस्तै हामी धर्मको बन्द घेराभित्र पनि थियौं । अहिले भने पहिला भन्दा यो घेरा खुकुलो भएको छ । अहिले हामी जात, धर्मका कुराहरू अलिअलि उल्लंघन गर्दै हिंड्यौं । अब बाआमाहरू पहिला जति महत्वपूर्ण भएनन् । अब नयाँ पुस्ता परिवारको बन्देजभित्र रहेनन् । त्यहाँबाट पनि अलिकति मुक्ति भयो । पहिलेका वंशको कुरा गरौं । जिम्मुवाल, काजी, राजा आदि हाम्रो अथोरिटीहरू हुन्थे । दलित समुदायका लागि त झन् धेरै थरी बाधाहरू हुन्थे । अहिले पनि छन् तर पहिलेभन्दा अलि खुकुलो भएको छ । यो हृवाङ्गपनाले एक किसिमको कोलाहल भएको छ । अब नयाँ संसार सिर्जना गर्नुपर्ने भएको छ । पुरानो परिभाषित संसारबाट अपरिभाषित संसार तर्फ हिंड्नुपरेको छ । यो भनेको हिंड्ने अवसर आएको र हिंड्न बाध्य भएको दुवै हो । यसरी सानो संसारबाट विशाल संसारमा पदार्पण गर्दा कोलाहल हुन्छ ।

पहिले खासगरी महिलाको एकदम सानो उमेरमा विवाह हुन्थ्यो र चाँडै बच्चा जन्माइहाल्थे । कहाँ पुग्न सकिन्छ भन्ने कल्पना नै हुँदैनथ्यो । एकदम कम महिलाको मात्रै त्यस्तो कल्पना हुन्थ्यो । विरलै महिला मात्र एउटा परिभाषित साँघुरो बाटोभन्दा यताउता लाग्न सक्थे । अनि उनीहरूको समाजमा केही बेइज्जती हुन्थ्यो । खासगरी पुरुषले ती महिलालाई फरक दृष्टिकोणले हेर्थे । प्रेत, भूत, पिचास, स्वर्ग, नर्कको विश्वास बलियो थियो । भूत, पिचास नलागेकोले त्यता मेरो ध्यान गएन । तर स्वर्ग नर्कले म सानो हुँदा असर गर्थ्यो । यस्तो काम गरे नर्क पुगिन्छ, यस्तो काम गरे स्वर्ग पुगिन्छ भनेर उल्लेख गरेको एउटा पोस्टर देख्न पाइन्थ्यो । मान्छेलाई बन्द गर्न नर्कको आगोमा पर्ने, पिपको पोखरीमा खस्ने त्रासहरू सिर्जना हुन्थे । स्वर्ग र नर्कको परिभाषा बनाइन्थे ।

हामी सानोमा थोरै खेतबारीको सीमाभित्र बाँचेका थियौं । अलिअलि ज्यालादारी श्रम गर्ने तर धेरैजसो मानिसहरू सानो खेतबारीभित्रको दायराभित्र खुम्चिएका थियौं । हुन त शहरमा पनि एकदम गरिबहरू हुन्छन् तर पनि ग्रामीण जीवन जति अत्यधिक सीमितता र साँघुरोपन हुँदैन । यस्ता संरचनाले हामीलाई डरमर्दो पारेर राख्छ । स्वर्ग, नर्क, भूत, प्रेत आदिको त्रासभित्र बाँच्नुपर्ने अवस्थामा राख्छ ।

के गर्न सक्छौं, के गर्न सक्दैनौं भन्ने हाम्रो कर्तापना एकदम सीमित तरिकाले मात्र परिभाषित हुन्थ्यो । बाटो यति मात्र हो, त्यहाँबाट दायाँबायाँ गऱ्यो भने सजाय हुनसक्ने भय देखाइन्थ्यो । थरीथरी लौकिकता र अलौकिकताहरू थिए । हामीलाई अलि बढी प्रतिबन्धित अलि बढी पीडित राख्ने संरचनाहरू थिए । दैवी, जातको, लैङ्गिक, बाबुआमाको डर जस्ता अनेकौं सजाय देखाएर बन्द समाजमा रोकिन्थ्यो । त्यस्तोबाट अलिअलि फराकिलो संसारमा हिंड्ने क्रमको कोलाहल पनि हो यो ।

### नयाँ संसार

पहिले एकप्रकारले परिभाषित संसार थियो अहिले अनिश्चित र अप्रत्याशित नयाँ संसार आयो । कुनै पनि व्यक्तिको भविष्य के हुन्छ, अब भन्न सकिंदैन । पहिला आकाश सानो थियो त्यहींभित्र रुमल्लिन्थ्यो, अहिले आकाश ठूलो र फराकिलो छ त्यहाँ कहाँ बत्तिन्छ थाहा हुँदैन । सम्भावना व्यापक छ । सिद्धान्तत: कोही पनि कहीं पनि पुग्न सक्छ । बच्चाहरूलाई त्यस्तै विश्वास दिलाइन्छ । कोही पुग्छन् पनि तर अधिकांश र खासगरी हाम्रो जस्तो मुलुकका नयाँ पुस्ताले ठक्कर खान्छन् ।

पुराना संरचनाले हामीलाई सीमाभित्र राख्थे । वैकल्पिक कल्पना नहुँदा एकप्रकारले सन्तोषी पनि थिए । अरू के गर्न सकिन्छ, मैले सकिनँ अरूले गरे भन्ने कल्पना पनि हुँदैनथ्यो । सुखी नभनौं सन्तोष सिकाइन्थ्यो । एककिसिमले जीवनमा फेल भइँदैनथ्यो । किनभने फेल हुने ठाउँ पनि थोरै थियो । सन्तोषी जीवन थियो ।

परम्परा बलियो थियो । जतिसुकै भेदभाव भए पनि हामी एउटा सुरक्षित र तुलनात्मक सन्तोषी जीवनमा थियौं । दलितहरूकै कुरा गरौं न । दुई पुस्ता अघिको दलित परिवार का बुढाबुढीहरू पेलानमा पर्दा पनि कतिलाई यो यस्तै हो भन्ने थियो । अब नयाँ पुस्तामा त्यस्तो पटक्कै छैन । त्यसैले धेरै ठूलो सम्भावना र हृवाङ्ग आकाशले हामीलाई घचेटिरहेको छ । कर्तापनालाई उजागर गरेको छ तर त्यसले कहाँ पुऱ्याउँछ थाहा छैन । त्यो धेरैको लागि अन्योल र अप्रत्याशित छ ।

खुलापनको एउटा सूचक अहिले हामीले भन्ने गरेको लोकतन्त्र हो । पहिला कुल, वंश आदिबाट हामी निर्देशित थियौं । आफ्नो ठाउँ त्यहींभित्र खोज्थ्यौं । लोकतन्त्र थिएन । लोकतन्त्र भएपछि राजनीतिक, कानुनी लगायत अनेकौं सम्भावना बने । जसअन्तर्गत हामीले स्वतन्त्र अनुभव गऱ्यौं, हुनुपर्छ भन्यौं । अब हामीमध्ये कति भयौं कति भएनौं तर सिद्धान्तत: स्वतन्त्र हुने संभावना चाहिं बढ्यो । यस्तो नयाँ हृवाङ्गले एक्लोपना, अनिश्चितता, छटपटाहट र नागरिक अधिकार, मानवअधिकार आदिका भाष्यहरू बने । यसले पनि एकप्रकारको कोलाहल ल्यायो ।

खोजेको ठाउँमा थोरै मानिस पुगे पनि धेरै सक्दैनन् । पहिलाको तुलनामा बसेको ठाउँमा अड्न नसक्ने, नयाँ उद्देश्य र गन्तव्यमा पनि पुग्न नसक्ने सम्भावना धेरै बढ्यो । फलत: धेरै मानिसको लागि यी सबै 'आकाशको फल आँखा तरी मर' भन्ने स्थिति बन्यो ।

संसारसँग नेपालको तुलना गर्दा मानिसको आकांक्षा धेरै बने तर त्यसलाई पूरा गर्न सक्ने अर्थतन्त्र बनेन । काम नपाउँदा मानिसले आफ्नो थातथलो छोड्नुपर्ने भयो । गाउँबाट शहर, जिल्ला सदरमुकाम र काठमाडौं हुँदै अब विदेश जानुपर्ने अवस्था बन्यो । कोलाहल बढ्दै जानुका कारण यी पनि हुन् ।

०००

मान्छे अलिअलि हृवाङ्ग र अलिअलि मानिसहरूका लागि हृवाङ्ग भइराखेका एपिसोडहरू नेपालको इतिहासमा केही छन् । एक, राणाहरू आएपछि खासगरी वीरशमशेरपछि पहाडीका लागि तराई मधेश खुल्यो । त्यहाँ सर्ने, जंगल फाँड्ने र बस्न जाने चलन हृवात्तै बढ्यो । पहाडसँगै उत्तरी भारतबाट आए । सँगै, स्थानीयहरू पनि बढी वनजंगल फडानी गरेर बढी खेती गर्दै ठूलो आकाश बनाउन लागे । दुई, नेपालको पहाडबाट त्यतिबेला उत्तर-पूर्वी भारत दार्जीलिङ, सिक्किम, आसाम (त्यतिबेला आसाम मेघालय सहित ठूलो थियो, अहिले धेरै टुक्रा भयो) लगायत जान्थे । त्यहाँ गएर काम गर्दा खासगरी पूर्वी पहाडका मान्छेका लागि अर्को आकाश पनि खुलेको थियो ।

आफ्नो थातथलो छाडेर चारकोसे झाडी फाँडेर धेरै जग्गा जमिनको मालिक हुने, मोहियानी गर्ने, त्यहाँ गएर श्रम गर्ने सम्भावना पनि केही समय बढेको थियो । नेपालमा खासगरी पूर्वमा यस्तो भयो । त्यसको सबैभन्दा ज्वलन्त उदाहरण चितवन होला । सन् १९५५ देखि १९७५ सम्म केवल दुई दशकमा चितवन टन्नै भरियो । ६० को दशकदेखि ८० को दशकसम्म राज्य संरचना र राज्यको वित्तीय क्षमता निकै बढ्यो । यससँगै अर्को आकाश खुल्न थाल्यो । राज्य संरचनाले ठूलो आकार लियो । ७५ जिल्लादेखि अन्य संरचना बने । सरकारी कर्मचारीहरूको दरबन्दी बढ्यो । सरकारको भौगोलिक पहुँच पनि बढ्यो । विभिन्न जिल्लाका सदरमुकाममा सरकारी कर्मचारीहरू जाने, गाविस बन्ने त्यहाँ प्रधानहरू सदस्यहरू बन्ने कुराले पनि आकाश फराकिलो भयो ।

त्यसपछि १९८० को दशकदेखि २००० सम्म अर्को आकाश खुल्यो । परम्परागत खासगरी राजा, जिम्मुवाल, काजी आदिका अधिकारहरू त्यसले संकुचित पाऱ्यो । आम मानिसमध्ये केहीमा 'ए हामी पनि माथि पुग्न सक्छौं' भन्ने परिकल्पना विकास हुनथाल्यो । सन् १९९५ देखि नेपाली बाहिर जान थाले । पूर्वी एशिया, कोरिया, मलेसिया, सिंगापुर (यहाँ पहिला पनि थियो), अरब मुलुकहरू, त्यसपछि युरोप, अमेरिका जान थाले । भारतमा त पहिलेदेखि गइरहेका थिए । आप्रवासनको एउटा दौर यसरी पनि गयो ।

सन् १९९५ यताको अवधिमा पूँजीवादी विश्वमा सस्तो श्रमिकको माग अत्यधिक हुनथाल्यो । सबैभन्दा सस्तो श्रमिक अफर गर्नेमध्ये हामी पनि भयौं । नेपाली श्रमिकले सस्तोमा काम गर्न बाहिर जाने क्रम बढ्यो । अहिले धेरै नेपाली पढ्न गएका भन्छौं तर पढ्नभन्दा धेरैजसो काम गर्न जाने हो । पढ्ने, काम पनि गर्ने र पढेपछि पनि त्यहीं बस्ने, पढ्ने चाहिं एक किसिमले बहाना मात्रै भयो । पढ्न जानका लागि नो अब्जेक्सन सर्टिफिकेट त छ तर पढ्नै जाने चाहिं यो तथ्यांकमा थोरै छन् । पढ्दै काम गर्दै कमाएर केहिले र ेमिटेन्स पनि पठाउँछन् । तर धेरै पढ्न गएकाले कमाउन सक्ने स्थिति हुँदैन । पढाइपछि विस्तारै काम गरेर बस्ने संभावना हुन्छ । यसरी नेपालमा आकाश खुल्ने विभिन्न एपिसोडहरू अगाडि बढ्दै गए ।

यसरी सबै आकाश खुल्नु राम्रो त हो तर यसले सँगसँगै असन्तुष्टि पनि बढाउँछ । सरकारले भने अनुसार काम गरेन र मानिसहरू जाइलागे भनेर कथा बुनिएको हुन्छ । तर सरकार केही सफल, केही असफल भएर यस्तो हुन्छ जस्तो लाग्छ । सफल हुँदा पनि निराशा बढ्छ । यसले परिवर्तनको अर्को चरणसम्म पुऱ्याउँछ । जस्तो, सन् १९९० अलिअलि सफल भएर नै २००६ आयो । जस्तो कि प्रेस स्वतन्त्रता, जनप्रतिनिधिको कुरा । यसरी केही कुरा सफल हुँदा त्यसले अर्को चरणको राजनीतिक परिवर्तनको लागि ठाउँ दिन्छ । प्रेस मात्रै नभएको भए पनि सन् २००६ को राजनीतिक परिवर्तन सम्भवत: हुँदैनथ्यो ।

यदि कहावत साँचो हो भने चन्द्रशमशेरले त्रिचन्द्र कलेज खोल्दा अब राणाहरुको अन्तिम बेला आयो भनेका थिए रे ! मैले हेर्दा उनले बुझेको कुरा हो त्यो । जनता शिक्षित हुँदै गए भने हाम्रो शासन व्यवस्था कमजोर हुन्छ भन्ने लाग्नु जायजै हो । कोलाहलको अर्को चालक नेतृत्वको चरित्र पनि हो । पहिलो, त्यसले कति प्रतिज्ञा गर्छ र कति डेलिभरी गर्छ ?

दोस्रो, त्यसको सदाचारको पक्ष हेर्छ कि हेर्दैन ? अहिले समाचारमा धेरै भ्रष्टाचारका समाचार आउँछन् । त्यसले धेरै असन्तुष्टि बढाउँछ । त्यसैले प्रशासनिक भन्दा खास गरेर राजनीतिक नेतृत्वभित्र सदाचार देखिएन भने नागरिकमा भविष्य बारे आश कम हुँदै जान्छ । यिनीहरूले कहीं पुऱ्याउँदैनन् भन्ने लाग्छ र आगामी बाटो बारे अलमल हुन्छ । यसबाट राजनीतिप्रतिको तिरस्कार बढ्छ । फलत: त्यसले अर्को खालको राजनीतिको मलजल गर्न सक्छ तर त्यो आक्रान्त मानिस भने त्यसबाट विमुख हुन्छ । त्यो राजनीतिलाई त्यस्ता आक्रान्त मानिसलाई सघाउँदैन । सदाचारविहीनताले लोकतन्त्रको जगलाई भसाउँदै लैजान्छ ।

### अब के ?

सदाचार बढाउने, भ्रष्टाचार घटाउने, नागरिकलाई सबल बनाउने लगायत विषयमा मैले माथि भनें । साथै, बेरोजगारी छ । स्रोत साधनहरूलाई अधिकतम सदुपयोग गरौं । २५ प्रतिशत खेतीयोग्य जग्गा बाँझै छ । सरकारले केही गर्दैन भने के आशा गर्ने भन्ने हुन्छ ।

अचम्म के छ भने हामी पूँजीवादी विश्वमा बस्छौं । हामीकहाँ हुण्डी लगायतबाट अत्यधिक पूँजी लिक भइरहेको हुन्छ । हाम्रो जस्तो अर्थतन्त्रबाट स्रोतहरू चुहिरहेका हुन्छन् । जबकि हामी संसार भूमण्डलीकृत भयो भन्छौं तर भूमण्डलीकृत विश्वबाट हामीकहाँ पूँजी भित्र्याउने सम्भावना हामीले खोलेका छैनौं । त्यस्तो पूँजीबाट यहाँको श्रमलाई रोजगारी सिर्जना गर्ने सम्भावना संसारको सबैजसो मुलुकले गरे । कोही सफल भए कोही हामी जस्तै असफल भए । हामी मात्रै त्यसको खराब उदाहरण होइन ।

*(साभार: अनलाइनखबर)*

# फुटपाथ व्यवसायीका समस्या समाधानमा महानगरको प्रगति शून्य

**काठमाडौं महानगरमा लोकप्रिय मतसहित जितेको डेढ वर्ष नाघिसक्दा पनि मेयर बालेनले चुनावअघि भनेको फुटपाथ व्यवसायी व्यवस्थापनमा कुनै प्रगति देखिएको छैन ।**

काठमाडौं/२०७९ को वैशाखमा काठमाडौं महानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारी घोषणा गरेर भोट माग्न हिँड्दा ऱ्यापर बालेन शाहले उठाएको एउटा मुद्दा थियो फुटपाथ व्यवसायीको उचित व्यवस्थापन । सञ्चार माध्यममा अन्तर्वार्ता दिने क्रममा उनले निश्चित स्थान तोकेर, समय तोकेर व्यवस्थापन गर्न सकिने बताउने गर्थे ।

उनले महानगर प्रहरीको व्यवहार अमानवीय रहेको भन्दै आफूले जितेपछि सुधार गर्ने दाबी गरेका थिए । तर, मेयर पदमा लोकप्रिय मतसहित जितेको डेढ वर्ष नाघिसक्दा पनि बालेनले फुटपाथ व्यवस्थापनमा उनको कामको कुनै प्रगति देखिएको छैन । बरु उनी मेयर निर्वाचित भएपछि महानगर पालिकाले फुटपाथ व्यवसायीलाई ब्यापार गर्न नै रोक लगायो । महानगर प्रहरीलाई न्यूनतम मानवीय संवेदना समेत बिर्सेर क्रुर बनेको आरोप लागेको छ ।

**महानगर भन्छ- गरिबमारा होइन, स्थान नभेटिएको हो**

काठमाडौं महानगर पालिकाले फुटपाथ व्यवसायीको समस्या समाधान गर्न सक्ने अवस्था नभएको जनाएको छ । फुटपाथ व्यवसायीको समस्या समाधान अध्ययन गर्न गठित समिति सदस्य रहेका वडा नम्बर २२ अध्यक्ष चिनकाजी महर्जन महानगरले वास्तविक गरिबलाई अन्याय नगर्ने दाबी गरे । 'फुटपाथ व्यवसायीका नाममा वर्षौंदेखि कब्जा जमाएर बस्नेलाई हामी हटाउँछौं नै तर वास्तविक गरिबलाई पीडा दिँदैनौं', महर्जनले अनलाइनखबरसँग भने, 'त्यहीअनुसार काम पनि गर्दैछौं ।'

उनले महानगरपालिकाको स्पष्ट नीति 'फुटपाथ र सडकमा व्यापार गर्न नदिने नै भएको' सुनाए । 'फुटपाथ र सडकमा कुनै पनि हालतमा व्यवसाय हुँदैन, तर उपयुक्त स्थान भेटेपछि दिने कुरा त भइहाल्यो,' उनले भने ।

मेयर बालेनका सचिवालय सदस्य धीरज जोशी महानगरसँग फुटपाथ व्यवसायीलाई दिने सार्वजनिक जग्गा नभएको बताउँछन् । 'उहाँहरूलाई विकल्पमा सार्वजनिक जग्गा दिन हामीसँग त्यस्तो स्पेस नै छैन,' उनले भने ।

फुटपाथ व्यवसायीलाई राति ८ बजेपछि समय दिँदा मान्छे फुटपाथमा हिँड्नै छाड्ने तर्क गर्दै अन्य बेला दिँदा फुटपाथका कारण सडकसम्म असर पर्ने बताए ।

'काठमाडौं महानगर पालिकाको नीति भनेको सवारी चल्ने सडक र पैदलयात्रु हिँड्ने फुटपाथमा व्यवसाय गर्न नदिनु नै हो । यस बाहेक अन्य स्थान भेटेमा महानगरले नदिने भनेको छैन', उनी भन्छन् । जोशीका अनुसार अहिले भइरहेको सरकारी जमिनलाई व्यवसाय गर्न भाडामा दिन कानुनी प्रावधान अनुसार मिल्दैन । 'हामीसँग भएको जमिन साना व्यवसायीलाई भाडामा भनेर दिन मिल्दैन, अन्य सार्वजनिक जग्गा महानगरपालिकासँग छैन, खोजिरहेकै छौं', जोशी भन्छन्, 'महानगरले फुटपाथ व्यवसायीलाई विकल्पमा भृकटीमण्डपको रिफर्मेसन गर्नुपर्ने अवस्था छ ।'

**ई:साग्को सम्झौता अलपत्र, समिति नै निष्क्रिय**

फुटपाथ व्यवसाय व्यवस्थित गर्न अभियन्ता ई:सँग गत असोज १० गते सम्झौता गरेको महानगरले सम्झौता कार्यान्वयन गर्न बनाएको समिति अझै सक्रिय भएको छैन ।

महानगरले ई:सँग गरेको सम्झौता कार्यान्वयन कार्यदल समिति सदस्यसमेत रहेका कुमार सापकोटाले नगर प्रहरी ज्यादती नरोकिएको भन्दै फुटपाथ व्यवसायीलाई झुलाउन मात्रै समिति बनाइएको टिप्पणी गरे । १५ मंसिरमा महानगर पालिकाले फुटपाथ व्यवसायीलाई विकल्पसहित व्यवस्थापन गर्नुपर्ने मागसहित १ सय ९९ घण्टा उभिएर प्रदर्शन गरेका अभियन्ता ई:सँग भएका सम्झौता कार्यान्वयन प्रक्रिया अगाडि बढाएको थियो ।

१० असोजमा भएको सम्झौताअनुसार अनौपचारिक क्षेत्रमार्फत हुने व्यापार व्यवस्थित गर्न व्यापार स्थल, समय, व्यापार गर्न आवश्यक मानिने व्यक्ति यकिन गर्न र स्थान उपलब्ध गराउन सुझाव दिने गरी अध्ययन समिति गठन भएको थियो ।

गठित समितिमा काठमाडौं महानगरका तर्फबाट एक वडाध्यक्ष, एक नगर प्रहरी अधिकारी र कानुन विभागबाट तीन, ट्राफिक प्रहरी कार्यालयका एक प्रतिनिधि, सडक विभागका एक प्रतिनिधि, सहरी विकास मन्त्रालयका एक प्रतिनिधि र ई:का तर्फबाट कानुन व्यवसायी सुदन मुल्मी र फुटपाथ व्यवसायी कुमार सापकोटा थिए ।

तर, समिति निर्माण भए पनि क्रियाशील नभएको सापकोटाले बताए । अध्ययन समितिले फुटपाथ व्यवसायीलाई उपयुक्त स्थानको विकल्प दिन नसकुन्जेल महानगरले सामान जफत नगर्ने, नगर प्रहरीको हिंसात्मक शैली अन्त्य गर्ने विषयमा महानगर प्रहरीले मौखिक सहमति गरेको थियो ।

दुईपल्ट समिति बैठक बसेको भए पनि महानगपालिकाले समस्या समाधान गर्नुभन्दा फुटपाथ व्यवसायीलाई 'स्पेस' नदिनेमा बढी जोड दिएको सापकोटाको भनाइ छ । तर, समिति सदस्यसमेत रहेका बालेनो सचिवालय सदस्य जोशी भने समितिले काम गरिरहेको भन्दै उपयुक्त स्थान नभेटेर टुंगोमा नपुगेको दाबी गर्छन् ।

**दैनिक आन्दोलनमा छन् फुटपाथ व्यवसायी**

महानगरपालिकाले गरेको ज्यादतीविरुद्ध काठमाडौंमा फुटपाथ व्यवसायीले दैनिक आन्दोलन गरिरहेका छन् । उनीहरूले १२ माघमा पत्रकार सम्मेलन गरी आन्दोलनका कार्यक्रम घोषणा गरेका थिए । सोही अनुसार आन्दोलन गरिहरहेका हुन् । तर, काठमाडौं महानगपालिका भने आन्दोलनलाई बेवास्ता गर्दै आएको छ ।

संयुक्त स्वरोजगार सडक व्यापार व्यवसायी संघर्ष समितिले ७ बुँदे माग राख्दै काठमाडौं महानगर पालिका विरुद्ध चरणबद्ध आन्दोलन घोषणा गरेको थियो । अभियन्ता ई:सँग भएको सम्झौता विपरीत महानगरले फुटपाथ व्यवसायीमाथि गरेको धरपकड विरुद्ध संघर्ष समितिले पत्रकार सम्मेलन गरी आन्दोलन घोषणा गरेको हो ।

सम्झौता कार्यान्वयन गर्ने कार्यदल गठन गर्ने तर महानगरले सडक व्यवसायीलाई दमन गर्ने नीति अँगालेका कारण महानगरविरुद्ध आन्दोलन गर्न बाध्य भएको नेपाल स्वरोजगार व्यापार श्रमिक संघ अध्यक्ष माया गुरुङले जानकारी दिइन् ।

संघर्ष समितिले १५ देखि २८ माघसम्म चरणबद्ध आन्दोलन गरिरहेको छ । समितिले १६ माघमा प्रर्दशनसहित महानगर पालिका कार्यालयमा धर्ना बसेर घेराउ गरेको थियो ।

यस्तै नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी र समाजवादी पार्टी कार्यालयमा ज्ञापनपत्र पनि बुझाएको छ । संघर्ष समितिले २८ माघमा थाल, चम्चा ठटाउँदै जुलुस प्रदर्शनसहित महानगर पालिका घेराउ गर्ने जनाएको छ । व्यवसायीको माग सम्बोधन गर्न चासो नदेखाए आन्दोलनका थप कार्यक्रम घोषणा गरिने समितिले जनाएको छ ।

**फुटपाथ व्यवसायी भन्छन्- करको दायरामा जान तयार छौं**

महानगर विरुद्ध आन्दोलन गरिरहेका फुटपाथ व्यवसायीले करको दायरामा जान तयार रहेको बताएका छन् । ७ बुँदे माग अघि सारेर आन्दोलन गरिरहेका उनीहरू महानगर प्रहरीको धरपकड अविलम्ब बन्द गरिनुपर्ने र स्वरोजगार सडक व्यवसायीलाई करको दायरामा समावेश गरिनुपर्ने बताउँछन् ।

नगर प्रहरीले विभिन्न समयमा व्यवसायीका जफत गरिएका सामान फिर्ता गर्नुपर्ने, महानगर भित्रका सबै वडामा 'सस्तो बजार' सञ्चालन गरी सस्तोमा नागरिकले सामान पाउने व्यवस्था गर्नुपर्ने, वैकल्पिक व्यवस्थापन नहुन्जेल हाल व्यवसाय गरिरहेकै स्थानमा उचित समय निर्धारण गरी व्यवसाय सुचारु गर्ने कार्य सुनिश्चित गरिनुपर्ने माग संघर्ष समितिको छ ।

यसैगरी महानगरमा तत्काल श्रम डेस्क स्थापना गरी स्वरोजगार श्रमिकको आवश्यक सूचीकरण लगायत श्रम व्यवस्थापनसँग सम्बन्धित काम थालनी गर्नुपर्ने, दीर्घकालीन समस्या समाधानका लागि मेयर वा उपमेयरको संयोजकत्वमा संघर्ष समितिमा रहेका ट्रेड युनियनहरूको प्रतिनिधिसहित सरोकारवाला सम्मिलित उच्चस्तरीय अधिकार सम्पन्न व्यवस्थापन कार्यदल तत्काल गठन गर्नुपर्ने, महानगर प्रहरीको धर पकड अविलम्ब बन्द गरिनुपर्ने र स्वरोजगार सडक व्यवसायीलाई कर को दायरामा समावेश गरिनुपर्ने माग संघर्ष समितिको छ ।

*(स्रोत: अनलाइनखबर)*

# भारतलाई हराउँदै अष्ट्रेलियाले जित्यो यू-१९ विश्वकपको उपाधि




काठमाडौं/भारतलाई ७९ रनले हराउँदै अष्ट्रेलियाले १४ वर्षपछि आईसीसी यू-१९ विश्वकपको उपाधि जितेको छ । यसअघि सन् १९८८, २००२, २०१० मा उपाधि जितेको अष्ट्रेलियाको यसपटकको उपाधि चौथो हो । २५४ रनको लक्ष्य पछ्याएको भारत ४३.५ ओभरमा १७४ रनमा अल आउट भयो । अष्ट्रेलियाको उत्कृष्ट बलिङ आक्रमण सामु भारतका कुनैपनि ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् ।

ओपनर आदर्श सिंहले ७७ बलमा ४ चौका र १ छक्कासहित ४७ रन र मुसिर खान २२ रनमा आउट भए । मुरुगन अभिषेकले ४६ बलमा ५ चौका र १ छक्कासहित ४२, कप्तान उदय सहारन ८, सचिन दास र प्रियान्शु मोलियाले ९-९ रन बनाए ।

अष्ट्रेलियाका माहली बियर्डम्यानले ७ ओभरमा २ मेडनसहित १५ रन खर्चेर ३ विकेट लिए । राफ म्याकमिलनले १० ओभरमा ४३ रन खर्चेर ३ विकेट लिए । कलुम विड्लले २, चार्ल्स एन्डरसन र टम स्ट्रेकरले १-१ विकेट लिए ।

दक्षिण अफ्रिकाको विलोमुर पार्कमा टस जितेर पहिला ब्याटिङ रोजेको अष्ट्रेलियाले निर्धारित ५० ओभरमा ७ विकेट गुमाउँदै २५३ रन बनाएको थियो । अष्ट्रेलियाको जितमा हर्जास सिंहले ६४ बलमा ३ चौका र ३ छक्कासहित सर्वाधिक ५५ रनको योगदान दिए ।

ओपनर हयारी डेक्सनले ५६ बलमा ३ चौका र १ छक्का सहित ४२ तथा कप्तान ह्युग वेबगेनले ६६ बलमा ५ चौकासहित ४८ रन बनाए । तल्लोक्रममा ओलिभर पीक ४३ बलमा २ चौका र १ छक्कासहित ४६ रनमा अविजित रहँदै महत्वपूर्ण ४६ रनमा नट आउट रहेका थिए ।

भारतका तीव्र गतिका बलर राज लिम्बानीले १० ओभरमा ३८ रन खर्चेर ३ विकेट लिए । नमान तिवारीले २, सौम्य पाण्डे र मुसिर खानले १-१ विकेट लिए ।

भारतले सेमिफाइनलमा दक्षिण अफ्रिकालाई २ विकेट तथा अष्ट्रेलियाले पाकिस्तानलाई १ विकेटले हराउँदै फाइनलमा स्थान बनाएका थिए । नेपाल भने समूह चरण हुँदै सुपर सिक्सबाट बाहिरिएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.

## PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD

पालुङ, मकवानपुर । Palung, Makawanpur

## धितो सुरक्षणमा रहेको सम्पत्तिहरू लिलाम बिक्रीसम्वन्धी १५ दिने सूचना

**प्रकाशित मिति: २०८०/१०/२९**

यस सहकारीबाट ऋण/कर्जा लिनुहने तपशिलको ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज र अन्य दस्तुर संस्थासँगको शर्त कबुलियतबमोजिम समय समयमा संस्थालाई तिर्न बुझाउन लिखित एवं मौखिक तर ताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिकामार्फत ऋण/कर्जा चुक्ता गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपशिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको कर्जा सुरक्षण स्वरुप रहेको तपशिलमा उल्लेखित चलअचल सम्पत्ति (जग्गा) लिन इच्छुक महानुभावहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थाको प्रधान कार्यालय थाहानगर पालिका वार्ड नं. ४ मकवानपुरमा आई पुग्ने गरी गोप्य शिलबन्धी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको समयभित्र संस्था समक्ष प्राप्त बोलपत्रहरु मिति २०८०।११।१४ गते, दिनको ठिक ४:०० बजे संस्थाको प्रधान कार्यालय थाहानगरपालिका वार्ड नं. ४ मकवानपुरमा खोलिनेछ । उक्तदिन समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत संस्थाको नाममा जग्गा रोक्का गरिदिनु हुने धितो धनी तथा ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौ । बोलपत्र फारम संस्थाको प्रधान कार्यालयबाट रु ५०० (फिर्ता नहुनेगरि) तिरी खरिद गर्न सकिनेछ । बोलपत्रका साथ लिलाम सकार्न कवुल गरेको कुल अंकको १० प्रतिशत धरौटी बापत जम्मा गर्नु पर्नेछ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस संस्थाको प्रधान कार्यालय थानाबजार मकवानपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| क.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** सुश्री पुर्णमाया रुम्बा<br>बाबुको नाम:कृष्ण बहादुर रुम्बा<br>पतिको नाम : सानुकान्छा स्याङतान<br>ना.प्र.प.नं. ४४३<br>जारी मिति: २०४४/१०/२६<br>ठेगाना::बज्रबाराही ४, मकवानपुर |  | पुर्णमाया रुम्बाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ११४४ को क्षेत्रफल ११-१२-२-१ को जग्गा । |
| २ | **नाम :** बिनोद कुमार स्याङतान<br>बाबुको नाम : सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं. ३१३०३४/४७४<br>जारी मिति: २०४२/०१/१४<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** सुश्री पुर्णमाया रुम्बा<br>बाबुको नाम: कृष्ण बहादुर रुम्बा<br>पतिको नाम : सानुकान्छा स्याङ्तान<br>ना.प्र.प.नं. ३१३०३४/४०४<br>जारी मिति: २०६३/११/०८<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** सानुकान्छा स्याङतान<br>बाबुको नाम: कृष्ण बहादुर स्याङतान<br>बाजेको नाम : पर्शुराम बहादुर स्याङ्तान<br>ना.प्र.प.नं. १४३५<br>जारी मिति: २०४३/०८/२६<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** सुन्दर स्याङतान<br>बाबुको नाम : सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं.<br>जारी मिति:<br>ठेगाना:बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** सुनिल स्याङतान<br>बाबुको नाम : सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं.<br>जारी मिति:<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर | <br><br><br> | पुर्णमाया रुम्बाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ११४४ को क्षेत्रफल ११-१२-२-१ को जग्गा ।<br><br>सानुकान्छा स्याङतानको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १५८२ को क्षेत्रफल ०-११-०-० को जग्गा |
| ३ | **नाम :** बबिता बिष्ट<br>बाबुको नाम : शिबजीथापा<br>पतिको नाम : बद्री बिष्ट<br>ना.प्र.प.नं. ३१३०२७/१८७<br>जारी मिति: २०३९/०३/०९<br>ठेगाना: दामन ३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** बद्री बिष्ट<br>बाबुको नाम: बलराम बिष्ट<br>बाजेको नाम: टेक बहादुर बिष्ट<br>ना.प्र.प.नं. ५२९ ना.म.<br>जारी मिति: २०४५/०१/१९<br>ठेगाना: दामन ३, मकवानपुर<br>**नाम:** शिबजी थापा<br>बाबुको नाम : टेक बहादुर थापा<br>बाजेको नाम : अमर बहादुर थापा<br>ना.प्र.प.नं : आग्रा २८९<br>जारि मिति: २०४३/०९/२३<br>ठेगाना : आग्रा १, मकवानपुर | <br><br> | शिवजी थापाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ७ स्थित कि.नं. ९८२/९८० को क्षेत्रफल २-१३-०-२/५-०-१-० को जग्गा । |
| ४. | **नाम :** अशोक अधिकारी<br>बाबुको नाम : एक बहादुर अधिकारी<br>बाजेकोको नाम : तेज बहादुर अधिकारी<br>ना.प्र.प.नं. ४४/६९५<br>जारी मिति : २०५३/१२/१३<br>ठेगाना : बज्रबाराही-४, मकवानपुर |  | यातायात व्यवस्था कार्यालय बागमती प्रदेशमा दर्ता वहाल रही यस संस्थाको नाममा अशोक अधिकारी ऋणी रहने गरी नामसारी भएको प्रदेश ३-०२.०१३ प ६९१०को मोटरसाईकल<br>PRADESH 3-02.013 PA 6910<br>Engine Number: G3J3E0514139<br>ChasisNumber: ME1RG445CK0069982<br>Colour: Mat Green |
| ५. | **नाम :** धिरज ढकाल<br>बाजेको नाम : यज्ञ प्रसाद ढकाल<br>बाबुको नाम : बद्री प्रसाद ढकाल<br>ना.प्र.प.नं. : ३९/१५१<br>जारी मिति : २०५२/१०/२३<br>ठेगाना : पालुङ्ग-५, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरीनामा दिने**<br>**नाम:** बबिता बिडारी<br>ससुराको नाम: बद्री प्रसाद ढकाल<br>बाबुको नाम: लोकनाथ बिडारी<br>पतिको नाम: धिरज ढकाल<br>ना.प्र.प.नं. २०/५८४<br>जारी मिति: २०५७/०७/२१<br>ठेगाना: पालुङ ५, मकवानपुर |  | धिरज ढकालको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला ज्यामिरे गा.वि.स वार्ड नं ७ स्थित कि.नं. ११२/७५४/११५/७५७/७५८ को क्षेत्रफल ०-१७-३-०/१-२-८.५-०/१-१७-३-०/०-६-४-०/०-८-१०.५-० को जग्गा । |
| ६ | **नाम :** मधुकर कार्की<br>बाबुको नाम : रामबहादुर कार्की<br>ससुराको नाम : टेक बहादुर<br>ना.प्र.प.नं. ८२७४/४०२<br>जारी मिति: २०४१।०४।१५<br>ठेगाना: पालुङ ४, मकवानपुर |  | मधुकर कार्कीको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं ४/५ स्थित कि.नं. ७६८/१०६/२४२/४९८ को क्षेत्रफल २-४-२-२/०-१०-३-१/०-०-२-३/०-७-३-० को जग्गा । |
| ७. | **नाम :** रामचन्द्र कार्की<br>बाबुको नाम : भक्तबहादुर कार्की<br>बाजेको नाम : दलबहादुर कार्की<br>ना.प्र.प.नं. २१०/४६९<br>जारी मिति: २०४४/११/३०<br>ठेगाना: आग्रा ३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** सुनिता काकी<br>बाबुको नाम :एक बहादुर बस्नेत<br>पतिको नाम : रामचन्द्र कार्की<br>ना.प्र.प.नं. ३९/२५८<br>जारी मिति: २०५४/१०/२६<br>ठेगाना: आग्रा ३, मकवानपुर | <br> | सुनिता कार्कीको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ८ र ३ स्थित कि.नं. ९३५/२५४ को क्षेत्रफल ५-०-०-०/३-०-०-० को जग्गा । |

# मानवअधिकार आयोगको बागमती कार्यालयमा ६६ उजूरी

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ राष्ट्रिय मानवअधिकार आयोगको बागमती प्रदेश कार्यालयमा आर्थिक वर्ष २०७९/८० मा ६६ वटा उजूरीहरु दर्ता भएका छन् ।

गत आर्थिक वर्षमा बक्यौता रहेका समेत ५९६ वटा उजूरी हाल कार्यालयमा विचाराधीन अवस्थामा रहेको छ । आइतबार बागमती प्रदेशप्रमुख यादवचन्द्र शर्मालाई आयोगले आफ्नो प्रगति प्रतिवेद बुझाएको छ । नेपालको संविधान, २०७२ को धारा २९४ (३) बमोजिम राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेश कार्यालयको वार्षिक प्रतिवेदन पेश गरेको हो । प्रतिवेदनमा आर्थिक वर्ष २०७९/८० मा आयोगमा ६७ वटा उजूरीमा अनुसन्धान कार्य सम्पन्न भई अन्तिम निर्णयको लागि आयोगको केन्द्रीय कार्यालयमा पठाइएको छ ।



कार्यालयको निमित्त प्रमुख रेवा रेग्मीका अनुसार उजूरीको प्रकृति हेर्दा जीवनको अधिकार, न्याय प्रशासन, शान्तिपूर्ण रुपमा भेला हुन पाउने तथा सभासम्मेलन गर्न पाउने अधिकार, स्वास्थ्य, शिक्षा, रोजगारी, महिला अधिकार, घरेलुहिंसा, बालअधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार तथा जेष्ठ नागरिकको अधिकार लगायत विषयसँग सम्बन्धित उजूरीहरु रहेका छन् ।

विगतमा यस कार्यालयमा सबैभन्दा बढी उजूरी बेपत्ता पार्ने व्यक्तिविरुद्धको अधिकारसम्बन्धी उजूरी २१६ वटा, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी उजूरी १२० वटा, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी ४४ वटा, यातनाविरुद्धको अधिकार सम्बन्धमा ३३ वटा उजूरी परेका थिए । राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्दै त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता प्रदान गर्दै आएको छ ।

# ल्होछारको अवसरमा चौकीटोलमा विविध कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ मन्जुश्री सम्वत २८६० औं डुक् मु ल्होछारको अवसरमा हेटौंडा-१ चौकीटोलमा विभिन्न कार्यक्रम भएको छ । तामाङ गुठीको आयोजना तथा वडा बालसंजालको समन्वयमा शुभकामना आदानप्रदान, नृत्य प्रतियोगिता, सांगीतिक कार्यक्रम तथा बिंगो भएको हो ।

मौलिक नृत्य प्रतियोगितामा नौ वटा बालसमूहको सहभागिता रहेको थियो । जसमा बाराही बालसमूह लालझाडी प्रथम, बिन्दबासिनी बालसमूह द्वितीय र अमर बालसमूह तृतीय भएका थिए । त्यस्तै कालिका आधारभूत विद्यालय र बज्रज्ञान आधारभूत विद्यालयले सान्त्वना पुरस्कार प्राप्त गरे । विजेतालाई क्रमशः १० हजार, ५ हजार, ३ हजार र १ हजार पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

सांस्कृतिकतर्फ फुल फिंगर ब्याण्ड, द एलेभेन सिक्स ब्याण्ड सामरी र सिक्स स्टिङ ब्याण्डले प्रस्तुति दिएका थिए । स्थानीय कलाकार रिसब फागो र रबिन रौनियारले ब्यान्डसँग मिलेर आफ्नो प्रस्तुति दिएका थिए । बिंगोतर्फ मुना लामा र सरोज साहले फुल हाउस २५ हजार पुरस्कार प्राप्त गरेका थिए ।

करिब २ हजार दर्शकको उपस्थिति रहेको कार्यक्रमको संयोजक तथा सन्चालक संग्राम बललामा रहेका थिए । हेटौंडा-१ नम्बर वडाअध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा युवा नेता धरम लामा, वडाका जनप्रतिनिध, स्थानीय पार्टी प्रतिनिधि, टोलविकास प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो ।

## युवकको हत्या गरेको अभियोगमा एक पक्राउ

काठमाडौं, २८ माघ/ काठमाडौंको धापासीमा २३ वर्षीय दिपेश खड्काको हत्या गरेको आरोपमा एक जना पक्राउ परेका छन् । जिल्ला प्रहरी परिसर, काठमाडौंले खड्काको हत्या आरोपमा उनका एक जना साथीलाई पक्राउ गरेको हो । पक्राउ पर्नेको नाम प्रहरीले खुलाएको छैन ।

सोमबार पत्रकार सम्मेलन गरेर यस विषयमा सार्वजनिक गर्ने एसपी कुमोध ढुंगेलले बताए । प्रहरीका अनुसार, दिपेश र पक्राउ परेका व्यक्ति दुवै मिस्त्री काम गर्दै आएका थिए ।

सामान्य विवादमा धारिलो वस्तु प्रहार गरेर हत्या गरेको भेटिएको अनुसन्धानमा संलग्न अधिकृतहरु बताउँछन् ।


## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

- ☞ झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- ☞ सुत्नुभन्दा अगाडि आगो वा हिटर निभाऔं,
- ☞ आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- ☞ हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- ☞ सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।
- ☞ झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्धारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



**हाम्रा विशेषताहरूः**

- ☞ अनलाइन फर्म भर्ने सुविधा ।
- ☞ रोड टेस्ट गराइन्छ ।
- ☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- ☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- ☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९





## पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.

PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर । Palung, Makawanpur

### तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति: २०८०/१०/२९*

यस सहकारी संस्थाबाट तपसिलका ऋणीहरुलाई तपसिलमाउल्लेख भएबमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक-पटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा अशुल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचविखन गरी कर्जा रकम अशुलउपर गरी लिइनेछ । सोबाट समेत अशुलउपर हुनुपर्ने सम्पूर्ण रकम अशुलउपर हुन नसकेमा प्रचलित कानूनअनुसार तपाई ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम अशुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको शिलशिलामा लाग्ने सम्पूर्ण खर्चसमेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम अशुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षणबापत जमानी बसी दिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम : बिनोद ढकाल**<br>बाबुको नाम : सिताराम ढकाल<br>बाजेको नाम : होमनाथ ढकाल<br>ना.प्र.प.नं. ३९/१८८<br>जारी मिति: २०५२/१०/२१<br>ठेगाना:पालुङ-५, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** प्रमिला ढकाल<br>पतिको नाम: बिनोद ढकाल<br>बाबुको नाम: महेश्वर अधिकारी<br>ना.प्र.प.नं.:<br>जारी मिति:<br>ठेगाना: पालुङ-५, मकवानपुर<br>**नाम:** आयुष ढकाल<br>बाबुको नाम: बिनोद ढकाल<br>बाजेको नाम: सिताराम ढकाल<br>ना.प्र.प.नं:३१-०१-७४-०२८५२<br>जारि मिति: २०७४/०३/२१<br>ठेगाना: पालुङ-५, मकवानपुर<br>**नाम:** अमन ढकाल<br>बाबुको नाम: बिनोद ढकाल<br>बाजेको नाम: सिताराम ढकाल<br>ना.प्र.प.नं: ३१-०१-७६-०१९६२<br>जारि मिति: २०७६/०२/१५<br>ठेगाना: पालुङ-५, मकवानपुर |  | बिनोद ढकालको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. २६ को क्षेत्रफल ५-१-२-२ को जग्गा । |
| २ | **नाम : गिता सुनार**<br>बाबुको नाम : दलबहादुर कामी<br>पतिको नाम : बिष्णु कामी<br>ना.प्र.प.नं. ३१-०१-७२-०५५७३<br>जारी मिति: २०७२/०८/०६<br>ठेगाना:: टिष्टुङ-३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** बिष्णु कामी<br>बाबुको नाम: न्याउरी कामी<br>बाजेको नाम: बल बहादुर कामी<br>ना.प्र.प.नं.: ४२०६<br>जारी मिति:२०६०/०१/२८<br>ठेगाना: टिष्टुङ-३, मकवानपुर |  | गिता सुनारको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला मैत्राङ गा.वि.स वार्ड नं ५ स्थित कि.नं. ११५५/११५२ को क्षेत्रफल १-९-०-०/०-९-०-० को जग्गा । |
| ३ | **नाम : हिराकाजी बलामी**<br>बाबुको नाम : इन्द्रमान बलामी<br>बाजेकोको नाम : श्यामलाल बलामी<br>आमाको नाम : लहरमाया बलामी<br>श्रीमतीको नाम: विन्दु बलामी<br>ना.प्र.प.नं.: ३१३०३४/३३२<br>जारी मिति: २०६३।११।०८<br>ठेगाना: बज्रबाराही-२ लिलाखेल, मकवानपुर<br>**जग्गा मञ्जुरी दिने**<br>**नाम** : ईन्द्रमान बलामी<br>बाबुको नाम : श्यामलाल बलामी<br>बाजेकोको नाम : शिव बलामी<br>ना.प्र.प.नं. ७८०<br>जारी मिति: २०४४।११।०२<br>ठेगाना:बज्रबाराही-२, लिलाखेल, मकवानपुर |  | ईन्द्रमान बलामीको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं १ स्थित कि.नं. २७०३ को क्षेत्रफल ०-१३-०-२ को जग्गा । |
| ४ | **नाम : सुर्य बहादुर श्रेष्ठ**<br>बाबुको नाम : कमलबहादुर श्रेष्ठ<br>बाजेकोको नाम : कृष्ण बहादुर श्रेष्ठ<br>ना.प्र.प.नं.: १७६२७<br>जारी मिति: २०४७।०७।२९<br>ठेगाना:बज्रबाराही-२, मकवानपुर |  | सुर्य बहादुर श्रेष्ठको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १४२८ को क्षेत्रफल ०-१५-३-३, टिष्टुङ गा.वि.स वार्ड नं ८ स्थित कि.नं. १४८० को क्षेत्रफल ३-०-२-० को जग्गा । |
| ५ | **नाम : सुनिल श्रेष्ठ**<br>बाबुको नाम : भिम बहादुर श्रेष्ठ<br>बाजेकोको नाम : बुद्धिबहादुर श्रेष्ठ<br>ना.प्र.प.नं. ३१३०३४/१०९८<br>जारी मिति: २०६३।११।१२<br>ठेगाना: बज्रबाराही-२, मकवानपुर |  | सुनिल श्रेष्ठको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं. ८ स्थित कि.नं. १४९२ को क्षेत्रफल ०-४-२-० को जग्गा । |
| ६ | **नाम : सन्च बहादुर थोकर**<br>बाबुको नाम : धनलाल थोकर<br>बाजेकोको नाम : तुलराम थोकर<br>ना.प्र.प.नं. ४६/३०३००<br>जारी मिति: २०६२।०९।१०<br>ठेगाना:गोगने ३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : मानकुमारी थोकर<br>पतिको नाम : सन्च बहादुर थोकर<br>बाबुकोको नाम : कृष्ण बहादुर वाईवा<br>ना.प्र.प.नं. ३१३०३८/१२८<br>जारी मिति: २०६३/१०/०५<br>ठेगाना: गोगने ३, मकवानपुर |  | सन्च बहादुर थोकरको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला गोगने गा.वि.स वार्ड नं ३ स्थित कि.नं. ५२२ को क्षेत्रफल ५-५-१-१ को जग्गा । |
| ७ | **नाम : शिला गोपाली**<br>बाजेको नाम : शेर बहादुर गोपाली<br>बाबुको नाम : सानुकाजी गोपाली<br>ना.प्र.प.नं. ३१-०१-६९-०५१४०<br>जारी मिति: २०६९।०५।३१<br>ठेगाना:साबिक बज्रबाराही-६, मकवानपुर<br>हाल: थाहा, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : सानुकाजीगोपाली<br>बाबुको नाम : शेर बहादुर गोपाली<br>बाजेकोको नाम : शंखनारायण गोपाली<br>ना.प्र.प.नं. ४४ ।४१२<br>जारी मिति: २०५२/१०/२६<br>ठेगाना: साबिक बज्रबाराही-६, मकवानपुर<br>हाल : थाहा- , मकवानपुर |  | सानुकाजी गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ्ग गा.वि.स वार्ड नं ५ स्थित कि.नं. १५३४/५०१ को क्षेत्रफल २-०-२-०/१२-०-३-० को जग्गा । |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना